RNI No.: 21918/71

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष - 51 अंक - 3 मार्च 2022 मासिक पत्रिका मूल्य 9/- पृष्ठ 12

गोर्खाली सुधार सभा

रिसालदार राम सिंह पंवार ओ.बी.आई. द्वार

## गोर्खाली सुधार सभाको मानेकशॉ सभागारमा 4/5 गोर्खा राइफल्स को मिलन समारोह







मासिक अंतरंग सभा, गोर्खाली सुधार सभा



गढ़ी डाकरा शाखाको उपाध्यक्ष
श्री रंजीत सिंह थापाज्यू द्वारा सभालाई अनुदान



सिद्धेश्वर महादेव मंदिर केदारपुर मोथरोवाला रोड़
देहरादुनको नवनिर्वाचित कार्यकारिणी

17 अप्रैल 1938

**गोर्खाली सुधार सभा**

**17 अप्रैल 1938**
**गोर्खाली सुधार सभा, देहरादून**
**वर्ष - 51, मार्च 2022**

**सम्पादक**
**कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री**

**विशेष सहयोग**
**श्रीमती प्रभा शाह**

**स्वामी/मुद्रक/प्रकाशक**
**अध्यक्ष**
**गोर्खाली सुधार सभा**

**मुख्य कार्यालय**
**गोर्खाली सुधार सभा**
**मेजर धनसिंह थापा परमवीर चक्र मार्ग,**
**गढ़ी कैन्ट, देहरादून**
**फोन: 0135-2756070,**
**9897440879**

**वितरक**
**सभा शाखाध्यक्ष**
**डिजाइनिंग टाइप सेटिंग**
**विमला थापा एवं**
**करूणा क्षेत्री**

**प्रकाशन कार्यालय**
**वाणी प्रिंटिग प्रेस, घोसी गली,**
**देहरादून, उत्तराखण्ड**

नोटः पत्रिकामा प्रकाशित लेखहरूको लागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून छ।

# सम्पादकीय

गोर्खाहरूको आगमन। बसोबासो भारतभूमीमा युगौ देखी नै थियो। इतिहास कै कुरा गरयौ भने पनि 1790 देखि आएका हुन भन्ने सत्यतामा कसैको मत अनग्गै होला भन्ने सोच्न नै सक्दैन। इतिहास यहाँलाई रहनु पर्छ भन्ने आवश्यकता  मलाई लाग्दैन। युगौ देखि गोर्खा यहाँ छन एउटै धर्म, परम्परा अनि संस्कृति सित जोडिएको एकै धर्मवाल्वी जो यो देशको मुख्य धर्म हो। देशको सुरक्षा, विकास तथा अन्य बुनियादी सामाजिक सन्दर्भीत विषयमा पनि गोर्खा हरूको योगदान अतुल्नीय छ। य़द्यपी, युगौ देखीको देशको यात्रामा जोडिएको यो 'गोर्खा' ले अहिले सम्म एक देषको नागरिकको रूपमा सम्मान र अधिकार पाएका छन् ? देशको कुरा कुनामा छरिएर बसेका गोर्खा हरूले एउटा गहिरो चिन्तन गरि यस विषयमा एकमत भएर आवाज उठाउन पर्छ नत्र भने 'आर्का' को हात समातेर हिडन पर्छ, एउटा 'पछौटो' जातीको रूपमा। गर्व गर्छौ, 1814 को ANGLO GORKHA WAR (खलंगा नाला पानी) को युद्वमा रचेको वीरतामा । यसको जलवन्त उदाहरण थियो 2015 मा देहरादूनमा नै आयोजित 'द्विशताब्दी महोत्सव'। त्यस पछि स्वतन्त्रता संग्रामको युद्धमा रचेको 'वीरता' को इतिहासलाई पनि सरकारले पूर्णरूपले या प्रतिको "योगदान" लाई मानेको छैना। तर सरकार लाई मात्र दोष किन ?

हामी आफनो निम्ती राम्रो र रामो खोट्भाई सक्दैनौ! राजनीतीमा आफ्नो उपस्थिती हुनु पर्छ भन्ने सोचले प्रयास नगरेको पनि होइन। तर परिणाम होतोत्साही नै रहेको छ, यसको कारण हामीलाई थाह छ तर यसलाई सुधारने प्रयास किन हुँदैन। यस 14 फरवरीमा, उत्तराखण्डको चुनाव भयो। एउटा निष्कर्षमा पुगेका थिए, गोर्खाहरूको कसरी राजनीतीमा एउटा  सुदृढ समुदायको रूपमा एउटा एकत्रित समुदायको आफ्नो नयाँ अस्तित्व बनाउने। अनि गर्वको कुरो थियो, गोर्खाली सुधार सभाको नेतृत्वमा यो भएको थियो, दिनांक 22 फरवरी 2022मा, सभाको सभा गुहमा सबैको एउटै मत थियो  त्यस दिन सम्म छोडेर बहुजन समाज पार्टी जसले श्री ललित थापालाई यस चुनावी मैदानमा उतारेका थिए 'धर्मपुर' क्षेत्र बाट। चुनावी ज्ञापन (Nomination) त्यस बैठकमा लिएको निर्माण अनुसार सबै मुख्य पार्टीहरूलाई सुम्पिएको  थियो। तर कुनै पनि पार्टीले यसलाई मान्य मानेन कुनै पनि राजनैतिक पार्टीको घोषणा पत्रमा गोर्खाहरूको विषयमा एक शब्द पनि थिएन (व्याक्तित्रतमा रूपमा, चुनावमाक्षेत्रको विधायकले कसैले हालेका थिए) हामी अनुमान लगाउन सक्छौ की 83 वर्षको यात्रामा चलि रहेको। गोर्खाली सुधार सभाको महत्व राज्य सरकारले के मान्छ। अझै दुखको कुरो, एउटै विधान सभा क्षेत्र बाट तीन जाना गोर्खा उम्मेदवारलाई तीनवटा पार्टीले उतारे जसमा एक चिर परिचित परिपक्व, राजनीती सित जोडिएको चेहरा थिए अनि अन्य दुई, नयाँ चेहरा साथछ राजनीती उनीहरूको त्यति सलंग्न भएको। पार्टीको उदेश्य राम्रै भए पनि उनको विचार एउटै थियो गोर्खाहरूको वोट बाँटने ताकि एउटै उम्मेदवार (आनेवाला) लाई किन फायदा दिने। गोर्खाहरूले चाहेर  पनि आफ्नो वोट एउटै उम्मेदवारलाई दिन सके होला र यो न चुनावको परिणाम, पछि मात्र थाह लाग्छ। यस्तो परिस्थितीमा विकल्प थियो। तीन उम्मेदवारहरू मध्ये दुडजानाले यस चुनावी जगमा लडन अस्वीकार गर्थे त मान्थयो की हाम्रोमा एकता छ भनेर तर यसो भएन। गोर्खा अझै बाँटियों अझै टाडियों। सबैले प्रतिक्रिया राम्रो दिन्छन्, राम्रो नराम्रो सबै थाह हुँदा हुदै पनि यसको विकल्प थाहा हुदाँ हुदै पनि किन अघाडी बड़दैनौ। यस विषयमा एउटा राष्ट्रिय स्तरको चिन्तन मन्थनको आवश्यक छ। हामीलाई तोड़न स्थानीय सरकार कोई केही साट्रो छैन। युगौ देखिको गोर्खाहरूले सर्वोपरि मान्ने उत्तरकालको पहाड़ी क्षेत्रको गोर्खाहरूकै कुरा गाथौ भने दश पटक सोध्नु सर्वापरि कतै छ भनेर !!!!

## अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

समाजको सर्वांगिन विकासले समाजलाई अन्य समाजसित एक साथ अनि समानताको साथ उन्नति र विकासको पथमा अघि बडने क्षमता र शक्ति प्रदान गर्दछ। यो, शिक्षा, आर्थिक, सामाजिक, स्वस्थ तथा राजनैतिक परिप्रेक्ष्य आदिमा निर्भर छ। हाम्रो समाजको विकासको गति र उपलब्धि सन्तोषजनक एकदमै छैन। कारण, विकासको साथ–साथ आफ्नै समुदाय,भाषा, संस्कार संस्कृति प्रति अभिरुचि नराख्नु हो। बर्षे पिच्छे यसको लेखाचित्र ''Graph'' घडदै गई रहेको छ। जसको कारण ''गोर्खा'' भन्ने जाति विलुप्तिको पथमा पाइला टेकि सकेको छ। यदि यस प्रति हामी गम्भिर र सचेत नरहे यो दिन टाढा छैन। शिक्षा कुनै भाषामा लिए पनि आफ्नै मातृभाषाको ज्ञान हुन पर्छ यस प्रति कम से कम प्राथमिक शिक्षा आफ्नै भाषामा नै हुनु पर्छ। सरकारको हामी प्रति हीन र पक्षपातको भावना जसको कारण युवाहरुलाई आफ्नो जीविकाको निम्ति पलायन हुन वाध्य हुनु पर्छ जसको कारण समाजमा सामुहिक प्रभाव पर्छ, संरक्षणको – भाषाको, संस्कार – संस्कृतिको अनि जमातको। यसमा सामाजिक जागरुकता, शिक्षा आदिमा विकास भए पनि राजनैतिक परिप्रेक्षमा उपस्थिति नहुनु एउटा ठुलो अभिशाप हो। समय आएको छ, अहिले हामी यस प्रति जागरुक, सचेत, सच्चा आफ्नै अस्तित्वको प्रति नरहे,आफ्नै विलयको जिम्मेवार हामी आफै नै हुने छौं। राष्ट्रिय शिक्षा नीति 2020 ले पनि मातृभाषाको महत्व अनि संरक्षण हेतु कानुन पारित गरेर हरेक राज्यलाई यस प्रति गम्भीरताको साथ लागू गर्ने आदेश जारी गरेको छ। स्थानीय सरकार कति गोर्खा प्रति गम्भीर छ हामी भलिभाँति जान्दछौं। हामी नजागे सरकार जाग्दैन। घर घर जाग्नु आवश्यक छ, कारण आजको युवाहरुलाई जागरुक गराउन आवश्यक छ।

धन्यवाद

## महामंत्रीको कलमबाट



श्री गोपाल क्षेत्री

गोर्खाली सुधार सभाको स्थापनाको उद्‌देश्य अनुसार आफ्नो यात्रा निरन्तरता सित अघि बड़ि रहेको छ। केहि वर्ष पछि यस ऐतिहासिक संस्थाले आफ्नो शताब्दी बनाउने छ। सय वर्षको इतिहासमा के कस्तो अध्याय जोड़न पर्ने हो, अहिले देखि नै यस प्रति चिन्तन मंथन गरेर तयारी पट्टि लाग्नु पर्छ नत्र भने गोर्खालीहरूको एउटै सत्य चरितार्थ ''गोर्खालीको सल्लाह खरानीको डल्ला'' भने जस्तै हुने छ। समुदायको सुदृड़ता इतिहासमा निर्भर गर्द छ। अनि यो इतिहास, सत्य हुनु पर्छ जुन सत्यमा सुधार विकासको आवश्यक छ भनै त्यस्तै हाम्रो महिला र गरिमापुर्ण उपलब्धिहरूकको पनि गुणगानको साथ प्रचार र प्रसार पनि हुनु पर्छ। यसको सफलता समाजको हरेक सदस्यको योगदान र संलग्नता माथि निर्भर छ। समय छ, एक भएर योजना बनाएर, सबै मिलेर यो आउने अवसर (17 अप्रिल 2038) लाई भव्य सफल बनाऔ।

धन्यवाद

# 12 फरवरी 2022 अंतरंग सभा, गोर्खाली सुधार सभा

1. गत महीनाको अंतरंग सभा गोर्खाली सुधार सभाको जनरल मानेकशॉ सभागारमा दि. 12 फरवरी 2022 विहान 11 बजे माननीय अध्यक्ष श्री पदम सिंह थापा ज्यूको अध्यक्षतामा आयोजित भयो। अंतरंग सभाको विवरण यस प्रकार ले छः–

क) स्वागत सम्बोधन – महामंत्री श्री गोपाल क्षेत्री ज्यूले सभामा उपस्थित शाखाध्यक्ष, केन्द्रीय कार्यकारिणी, पूर्व अध्यक्ष, आमंत्रित सदस्यगण तथा संघका अध्यक्षहरूको स्वागत अभिनन्दन गर्नु भयो साथै उपस्थिती निम्ती आभार व्यक्त गर्नु भयो।

ख) दिवंगतहरू प्रति श्रद्धांजली – विगत माहमा दिवंगत हुनु भयेका सदस्यहरूको आत्मा शान्ति तथा पिडित परिवारले दुखः सहन गर्ने शक्ति पाओस, निम्ती दुई मिनटको प्रार्थना गर्नु भयो । दिवंगतहरूको सूचीः–

| | | |
|---|---|---|
| श्री धन बहादुर राना | जाखन | |
| श्रीमती इन्द्रा देवी बुढाथोकी | तेलपुरा | 4/2/2022 |
| श्री शिवा क्षेत्री, पूर्व ग्राम प्रधान | क्लेमेन्ट टाउन | 9/1/2022 |
| श्री विमल सिंह थापा | रामगढ | 12/2/2022 |
| श्री चन्द्र बहादुर क्षेत्री | चन्द्रबनी | 22/1/2022 |
| श्रीमती शीला देवी खडका | सेलाकुई | 12/1/2022 |
| श्री सहदेव गुरूंग | सेलाकुई | 18/1/2022 |
| श्रीमती फूल कुमारी गुरूंग | जाखन | |
| ब्रि.बी. बी. एस कार्की | | |

ग) आमंत्रित अतिथी हरूको सम्मान – माननीय अध्यक्षज्यूले श्री सी. के. राई नवनिर्वाचित राई समाजका अध्यक्षज्यूलाई स्वागत तथा शुभकामना दिनु भयो । श्री सुरेन्द्र थापा, RTI कार्यकर्ता सचिवज्यूको स्वागत तथा वहाले समाज तथा अन्य व्यक्तिहरूलाई गरेको सहयोग, तथा उपलब्धिहरूलाई प्रेरणा भन्नु भयो ।

2. अंतरंग सभा का ऐजेन्डा हरू :–

क) स्थापना दिवस 2022 को कार्यसूची, आयोजन प्रकिया तथा खर्चा स्वीकृति बारे

ख) रेडियो घाम छायामा प्रसारण गर्ने बून्दा हरू छलफल

ग) सभा कोष देखि प्रसाधन सुविधा, कार्यालयमा फर्श व्यवस्था तथा अन्य निर्माण निम्ती छलफल तथा अनुबन्ध निर्णय

घ) लाल गेट को एतिहासिक स्मृति स्थलका चिन्हहरूको प्रति प्रेरणा भवनमा संजायेर राखने बारे छलफल

ङ) आगामी चुनावको बारेमा छलफल

च) गारदा वर्ल्ड द्वारा विशिष्ट छात्रवृति छलफल

3. अंतरंग सभाको सम्पुष्टि :– महामंत्रीज्यूले विगत माहको अंतरंग सभाको विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो, सभाले सम्पुष्टि दियो

4. आय व्यय को समपुष्टि :– माननीय कोषाध्यक्ष श्री प्रदीप क्षेत्रीज्यूले जनवरी 2022 माहको आय–व्यय ब्योरा अंतरंग सभा समक्ष प्रस्तुत भयो । शंका हरूको सफल उत्तर दिये पछी अंतरंग सभाले आय व्यय को सम्पुष्टि दियो ।

5. सभा द्वारा पत्राचार :–

क) गोर्खाहरूको सुझाव तथा आई रहेको समस्या निवारण मा सभाले निम्न विभाग/मंत्रालय/ राजनैतिक दलमा पत्र प्रेषित गरे को छः–

i. माननीय प्रधानमंत्री
ii. माननीय मुख्यमंत्री उत्तराखण्ड
iii. माननीय अध्यक्ष, भारतीय राष्ट्रीय कांग्रेस उत्तराखण्ड
iv. अध्यक्ष, उत्तराखण्ड भारतीय जनता पार्टी
v. अध्यक्ष, समाजवादी पार्टी, उत्तराखण्ड
vi. अध्यक्ष, बहुजन समाजवादी पार्टी, उत्तराखण्ड
vii. अध्यक्ष, आम आदमी पार्टी, उत्तराखण्ड

ख) श्रीमती कृष्णा थापा किरायेदार लाई शीघ्र भवन खाली गर्ने पत्र दियेको छ साथै वहाँको सुपत्र हवलदार योगेश थापाको कमान अधिकारी लाई आफनो आमाको देखरेख गर्ने तथा आफु संग राखेर समस्या निदानगर्नु बारे निवेदन गरेको छौ।

ग) उपनिबन्धक लाई सभाको रजिस्ट्रेशन नवीनीकरण शीघ्र गर्नु निम्ती पुनः निवेदन पत्र दियेका छौ ।

घ) नवीन निमार्ण गरेको मानचित्र उपलब्ध गरानु निम्ती अधिशासी अभियंता, लघु सिचाई विभाग देहरादूनलाई पत्र दियेका छौ ।

ङ) माननीय मुख्यमंत्री द्वारा घोषित 51 लाख रूपिया शीघ्र आवंटन गर्नु निम्ती वित्त विभाग, सचिवालयलाई निवेदन गरेका छौ ।

च) रेडियो घाम छायाले जल व्यवस्था आफै गर्नु बारे तथा रेडियो प्रसारण एंव टावर निर्माण स्वीकृतिको प्रति सभालाई उपलब्ध गर्नु निम्ती पत्र दियेका छौ ।

छ) समयमा किराया जमा न गर्ने किरायेदारहरूलाई शीघ्र किराया जमा गर्ने साथै शीघ्र भवन खाली गर्ने निर्देश दियेको छ

6. अन्य सूचना हरू–

क) ECHS सुविधा न भयेको अस्पतालमा चिकित्सा उपरांत खर्चा फिर्ता पाउनु सकने छ सब एरिया मुख्यालयले सूचना दियेको छ

ख) राज्य सैनिक बोर्डले सभाको पूर्व सेनिकहरूको समबन्धित सुक्षाव, समस्या तथा सेना भर्ती निम्ती सुविधाहरूको अनुसंशा सेना मुख्यालयमा प्रेषित गरेको छ ।

ग) वीर सेनिकहरूको चित्रण भयेको केलेण्डर समुदाय तथा पूर्व सेनिकहरूलाई वितरित शाखाध्यक्ष तथा सदस्यहरूको सहयोगले वितरण गरेका छौ ।

घ) पहिलो दुई वर्ष देखी किराया जमा न गरेको दुकानदार अजय भण्डारी/संजय भण्डारीको दोकानमा सभाले आफ्नो ताला लगायेको छ।

ङ) रेडियो घाम छायाले स्वंयको जल भण्डारण व्यवस्था गरी रहेको छ।

च) प्रशाधन सुविधा निर्माण तथा कार्यालयमा टाइल लगानेमा निरिक्षण एंव निर्देशन समितिको गठन गरेका छौ ।

छ) उत्तराखण्ड सरकार द्वारा मान्यता प्राप्त संस्था स्टार्टअप ओरगेनाइजेशनले सभामा तकनीकी एप्रेन्टिस कार्यक्रम प्रारम्भ गर्नु निम्ती निवेदन दियेको छ।

ग) देहरादूनमा राई समाजको नया पदाधिकारी हरूको निर्वाचन भयेको छ।

7. उपस्थित महानुभावहरूको सुक्षाव :–

क) श्री लीला सिंह बली क्षेत्री, चकराता शाखाध्यक्ष– समुदायमा विभिन्न राजनैतिक दल हरूलाई सदस्यहरूले समर्थन तथा प्रत्याशी पनी उठाको छन। हामी सबै आफ्नो विवेकले समर्थन गरौ। सभा सामाजिक उत्थान संस्था हुनाले कुनै दल लाई समर्थन दिने अनुरोध गर्ने छैन ।

ख) पदम शाही चन्द्रबनी शाखाध्यक्ष– केन्द्र तथा शाखाहरूमा सभाको पदाधिकारी हरूको चुनाव पनी हुन्दै छ। यदि दुबै चुनाव केन्द्रमा हुन्छ त ठीक हुने थियो

ग) श्री ईश्वर प्रसाद रेग्मी, शाखाध्यक्ष इन्द्रा नगर–केन्द्रले सदस्य हरू लाई आर्थिक सहयोग गरी रहेको छ। केन्द्र तथा शाखाका अन्य पदाधिकारी हरूले आर्थिक मददमा शाखाध्यक्षलाई समिलित गर्नु तथा सूचना दिनु आवश्यक छ।

घ) श्री धिरेन्द्र क्षेत्री, भारूवाला शाखाध्यक्ष – सेनाका विभिन्न पल्टनमा सम्मानित हुने गोर्खा सेनिकहरू को जानकारी हमिले सूचित गर्दै रहनु पर्छ। केन्द्रको कार्य दिवसको सूचना पनी सबै शाखाध्यक्षहरूलाई सूचित गरी दिनु होस।

ङ) श्री शमशेर थापा, जैंतनवाला शाखाध्यक्ष – सेना तथा अन्य सेवामा भर्ती हुने अभ्यर्थीहरूको सदस्यता तथा जाति प्रमाण शाखाध्यक्ष हरूले धेरै जाँच उपरांत आशवस्त भये पछी मात्र बनाउनु होस। यो लाभ अन्य समुदाय लाई कुनै अवस्थामा न दिनु होस ।

च) श्री बी.पी. शर्मा,बडोवाला रानी पोखरी शाखाध्यक्ष – मासिक पत्रिकामा शाखाध्यक्ष तथा कार्यकारिणीहरूको नाम

छापने निवेदन छ।

छ) श्री विनीत भोषाल, सभा चुनाव अधिकारी– सभामा हुने चुनाव निम्ती शाखाध्यक्षहरूले शाखाका प्रतिनिधीहरू तथा सदस्य हरूका नाम तैयार राख्नु होस तथा शाखामा सबै सदस्यहरूलाई अगस्तमा हुने चुनाव वारे सूचना दिनु होस।

ज) श्री एल.बी.गुरुंग, विधिक सलाहकार – सभाको चुनाव प्रकियाको जिम्मेदारी चुनाव अधिकारीको हो, हजुरहरूलाई वहाँले निर्देश तथा सूचित गर्ने छन।

ज) श्री सुरेन्द्र थापा, आर .टी. आई. कार्यकर्ता तथा सचिव आर.टी.आई कल्बले समुदायको कल्याण निम्ती सरकार द्वारा योजना तथा सुविधा हरू लाई हामीले लिनु पर्छ। हामीले आफ्नो प्रयासले यथा सम्भव सहयोग गरी रहेका छौ । गोर्खा हरूको प्रमाण पत्र जारी गर्नुमा हामी हरूले हजुरलाई पनी सहयोग गर्ने छौ। वर्तमानमा म स्वंय बेरोजगार छु तर कुमारी रूपा थापाको कल्याण लाई खेल शिक्षामा सहयोग गरी रहेको छु। स्नातक कक्षामा अध्ययन निम्ती धेरै आर्थिक सहयोगको आवश्यकता छ, यस प्रकार को कार्यमा सलाह– सहयोग हामी सबैले गरौ ।

झ) कर्नल बी.एस.क्षेत्री पूर्व अध्यक्ष– सभाले यथा सम्भव व्यक्तिगत रूपले आर्थिक मदद गर्नु होस, संघ संस्थाहरू आफैमा सशक्त छन।

ञ) कर्नल सी.बी थापा, पूर्व अध्यक्ष– समुदायका ब्राहमण तथा क्षेत्री जातिका सबैलाई केन्द्रमा अन्य पिछडी जाति समुहमा राख्नु पर्छ, न राख्ने कारण आर.टी.आई मा सोध्नु सक्दछौं।
पूर्व समयमा पिछडा आयोगमा गोर्खा पदाधिकारी हरू थिये वर्तमानमा पनी दिनु पर्छ। शाखाहरूमा सभाको चुनाव शाखामा ही हुनु पर्छ। यो प्रकियामा सबै सदस्य तथा पदाधिकारी हरूले अधि आयेका छन, हामीले योग्य गोर्खा उम्मीदवार लाई समर्थन दिये हामी बलियो हुने छौ।

8. अध्यक्ष महोदयको सम्बोधन – अंतरंग सभाको बैठकमा हजुरहरूको स्वागत अनि धेरै शुभकामना छ। विधानसभाको चुनाव तथा कोरोना ओमीक्रोन संक्रमणले हामी आफ्नो तथा परिवारको बचाव गरौ। राजनैतिक दलहरूले गोर्खा प्रत्याशी हरूलाई अवसर दियेको छ, हामीले पनी वहाँहरूलाई धेरै समर्थन गर्नु पर्द छ। यहि प्रयासले हामी आफ्नो समुदाय लाई संगठित गरी अघि लिएर जानु सक्द छौ । समाजको सुझाव र आवश्यक्ता दैनिक समाचार पत्रले विस्तारले प्रकासित गरेको छ। सभाले पनी माननीय प्रधानमंत्री, मुख्यमंत्री उत्तराखण्ड तथा राज्यका सबै राजनैतिक दल हरूलाई पनी यस प्रकारको मांग पत्र दियेका छौ। अंतरंग सभामा पनी इनी सबै जानकारी दियेका छौ। अध्यक्षज्यूले अंतरंग सभामा सबै जानकारी दिनु भयो। अध्यक्षज्यूले अंतरंग सभामा ऐजेण्डा हरूमा चर्चा गर्नु भयो।

क) यस वर्षको स्थापना दिवस प्रशासनको निर्देश तथा महामारीको स्थितीलाई विचार गरेर तैयारी गर्ने छौ। अनुकुल परिस्थिती तथा सबै पदाधिकारी तथा सदस्यहरूको सहयोगले आयोजन गर्ने छौ। स्थापना दिवस खर्चाको सम्पुष्टि अंतरंग सभाले दियो।

ख) समुदायिक रेडियो हुनाले रेडियो घाम छायाले सभाका गतिविधी तथा उपलब्धिहरू प्रसारण गरी रहने छ। हामीले वहाँहरूलाई विषयहरूको जानकारी पूर्वमा दिने छौ। रेडियो घाम छायाले भवन किराया नवम्बर 2021 देखी थोडा वृद्धि गरेर दियेका छन तथा छः महिना पछि किराया नामा अनुसार किराया लिने छौ। अंतरंग सभालाई विश्वासमा लिऐर अंतरंग सभाले स्वीकृति दियो।

ग) महामंत्री तथा कोषाध्यक्ष कार्यालयमा टाइल लगाने तथा पोताई गराने साथै सभा हालको प्रसाधन सुविधा पुनः निमार्ण गर्नु आवश्यक परेको छ। विवाह तथा अन्य आयोजनको बुकिंगको आय भई रहेको छ, प्रशाधन व्यवस्थाहरू हामीले सुव्यवस्थित राख्नु पर्द छ दुबै कार्य (अनुरक्षण तथा निर्माण) निम्ती 7 लाख रूपिया तथा 25 हजार सम्म खर्चको लागत छ। यस निर्माण निम्ती सभाले खर्चाको सम्पुष्टि दियो, समिती गठन गरेको छ वहा हरूले निर्माण तथा निर्माण सामग्री निरीक्षण उपरांत मात्र कार्य हुने छ।

घ) लालगेट देहरादून केन्ट क्षेत्रमा गोर्खा सेनिक हरूको वीरता गाथा तथा नामावली अंकित गरेको छ। यो सबै लेख तथा कलाकृति हरूको द्वितिय प्रति बनाऐर हामीले प्रेरणा भवनमा स्मृति स्वरूप राख्ने हो यसको खर्चा निम्ती अंतरंग सभाले

समपुष्टि दियो ।

ड ) जुलाईको अंत तथा अगस्तको प्रथम सप्ताहमा शाखा चुनाव उपरांत केन्द्रका पदाधिकारी हरूको चयन हुने हो। यो चुनाव नियमावली तथा समितीको निर्देशानुसार हुने छ। शाखामा चुनाव निम्ती शाखाध्यक्ष तथा शाखाका वर्तमान पदाधिकारी हरूले चुनाव समिती सदस्य श्री विनित भुसाल तथा चुनाव अधिकारी श्री नीरज थापाले चुनाव बारे विषय चर्चा साझा गर्नु भयो। यसमा विधिक सलाहकार श्री एल.बी.गुरूंग जयूले नियमानुसार चुनावको प्रकियामा सहयोग गर्ने सुझाव दिनु भयो।

ट) इण्लैण्डको गार्दा वर्ल्ड संस्थाले दून यूनिवर्सिटीमा अध्ययन गर्ने गोर्खा नानीहरूलाई यस वर्षमा विशेष छात्रवृति प्रदान गर्ने सहमति दियेको छ, कुनै प्रतिभाशाली युवाहरूको नाम सभामा विचार उपरांत सिफारिश गर्ने छ। शाखाध्यक्षले नामावली दिनु होला।

ठ) सुश्री रूपा थापाले खेल जगतमा धेरै नाम गरेकी छन तथा क्रीडामा स्नातक अध्ययन गरी रहेकी छन। श्री सुरेन्द्र गुरूंग ज्यूले धेरै सहयोग गर्नु भयेको छ तथा वहाँको निवेदन अनुसार आज श्री राजेन्द्र थापा, गढी शाखाले दियेको 15 हजार रूपिया हामीले नानी को अध्ययन निम्ती दिने छौ। श्री राजेन्द्र थापाज्यूको यस सहयोग निम्ती वहाँलाई आभार छ।

अंतमा अध्यक्षज्यूले अन्तरंग सभामा साहार्दपूर्ण सहयोग गर्नु निम्ती उपस्थित महानुभावहरूको आभार व्यक्त गर्दै सभा समापनको घोषणा गर्नु भयो।

## राष्ट्रीय निर्माणमा अध्यात्मको योगदान

'घर' एउटा गृहस्थ आश्रम हो जहाँ अनेकौं दयनीय कष्टहरू खपेर, गुहस्थी परिवारले रोगी, विरामीहरू, वृद्धहरू साधु–सन्तहरू, आपद–विपत्तिमा सबैप्रकारका निश्वार्थ सेवाहरू गरिरहेका छनै् घर एउटा राष्ट्रको सुक्ष्म नमुना हो जहाँ माता–पिता अभिभावकहरूको मार्गदर्शन चल्छ।

अध्यक्षत्मको व्यवहारिक रूपमा मानिसले दान–पूण्यहरू गर्छन, विभिन्न यज्ञ अनुष्ठानहरू गर्दछन्, पूजा–पाठ र पुराण पटन श्रवन, कुल–पितृपूजन, शिवरात्री पूजा, सरस्वती पूजा, रामनवमी, श्रीकृष्ण जन्माष्टमी पर्वहरू मनाउँछन्। बृद्धपूर्णिमा, ईद, लोसार, नानक जयन्ती, मुहरम आदि पर्वहरू मनाउनुको तात्पर्य महान पुरूषहरूले देखाएको मार्गदर्शनलाई फेरि स्वीकार्दै जनसमुहलाई जानकारी गराउँदै याद दिलाउनु हो। ती महान व्यक्तित्व, गुरू, सन्त पुरूषहरूले मानव समाजलाई कस्तो आज्ञा गरेका थिए? मानव समाजको दायित्व, धर्म–कर्महरू कस्तो हुनपने? त्यसबारेमा हरेक युगमा उनीहरूले बताएको छन्। तर हामीले महान वाणीहरूलाई चाहिँ बिर्सिदियौं, केवल बाहिरी बिडम्बनाका पूजापाठमा उपस्थिति दियौं तर मानसिक सुधार पनि आउनु सकेन, व्यवहारमा परिवर्तन पनि आएन। हामी स्वार्थ, आफ्नै मात्र स्वार्थ मात्र स्वार्थ लिएर समाजमा बड़प्पनको प्रचार गरिरहेका हुन्छौं। यी सबै आदतहरू मानवमा नहुनुपर्ने, छलकपट, हिंसा, चोरी, डकैति, लुटपाट, मांसाहार, मदपानको दुरूप्योगहरूको विभत्स दृश्यहरू दुनियाँले देखिरहेका छन्,यी विभत्स दृश्यहरूले के संकेत गर्दैछ त? हरेक वर्षहरेक पर्वहरू मनाउँछौं, मन्दिर, मस्जिद, गिर्जा, गुम्बामा गएर हरेक दिन स्तुति गर्छौं तर बोलचालमा र व्यवहारमा,कर्ममा परिवर्तन कहाँ आयो त? जस्ताको त्यस्तै छौं दया, धार्मिक आचरण, स्नेह,सम्वेदना, सहयोगिताका भावनाहरू, परहितका मनोभावहरू, अहिंसाका गुणहरू कता गए त? दिनोदिन मानव बोक्रे, नीरस, खोक्रो बन्दै केवल मात्र स्वार्थको पुत्ला बनेर समाजमा जीवित छ। यस्तो किन? किनकी धार्मिक आवरण गर्नेजनसमाजले धर्मको मर्मलाई बुझेका छैनन् औ अध्यात्मवादलाई जानेका छैनन् यसैले यो विकट समस्या आउको छ।

अध्यात्म, के हो? अध्यात्म प्राणको सृजनात्मक, अविनाशी तत्वको परिचायक तत्व हो। अध्यात्म आत्माको गहिराई हो, औ आत्माको विकास स्वरूप पनि हो। अध्यात्म सचेतनात्मक शक्ति र सर्जक पनि हो। विभिन्न कूकर्महरू र सतकर्महरूलाई बुझ्ने र बुझाउने जीवित ऊर्जा हो जसलाई अध्यात्म भनिन्छ। अध्यात्म कुनै सम्प्रदाय, पन्थ, दल, समुदाय, द्वन्दवान, पन्थवाद र पृथकतावादी विचारदेखि माथि उठेको स्वयं सचेत शक्तिको समप्रेरणा हो।

चाहे हिन्दुराष्ट्र भन्नुहोस् वा निरपेक्ष राष्ट्र भन्नुहोस, तर अध्यात्मवादले राष्ट्रलाई मार्गदर्शन गरिहेको पाउँछौं। देश

संविधान र कानुनले चलाउँछ, त्यो भित्रै अध्यात्मको प्रेरणा र ऊर्जा छ जो शक्तिको रूपमा प्रस्तुत हुन्छ। संविधान र कानुनहरूभन्दा देरै अध्यात्मका क्रियात्मक कर्महरूलाई जनताले समर्थन जनाएका छन्, पालन गरेका छन् ।राष्ट्रको हितमा कर्म गर्ने प्रेरणा र साहसहरू, धार्मिक सहिष्णुता, परोपकार,उपकार,उपचार, ईश्वरको अस्तित्व र उनको योगदानहरू ईश्वरका वाणीहरू, उनका शिक्षाहरूलाई पालन गर्दै। गराउँदै, सार्वभौम विकासको लागि माध्यम हो त्यो अध्यात्म जसको अभावमा राष्ट्रको नामो निशान रहँदैन।

गीता, रामायण, गुरूग्रन्थसाहेब, पुराणहरू आज पनि जनमानस औ राष्ट्रको मार्गदर्शन बनेका छन् जसलाई श्रवण गरेर हामी राष्ट्रिय भावनाहरू वृद्धि गर्दछौं, समाजलाई नेतृत्व दिने क्षमता संग्रह गर्दछौं त्यसबाहेक हाम्रो चारैतर्फ, देबीथान, नागस्थान, सिद्धीपिठ मन्दिरहरू, दर्शनस्थलहरू,कुम्भ पर्व र सन्तहरू, अवतारी पुरूषहरू लगातार मानव समाजमा आएर ती युगोंदेखि चलिआएका परम्परा, संस्कार, संस्कृति, कर्म विधान, मृत्यु–जन्म संस्कार, संगीत, साहित्य, भजन–कीर्तनादि, सत्संग–प्रवचन, यी सबै अध्यात्मका प्रत्यक्ष मार्गदर्शनका स्वरूपहरू हुन्। राष्ट्र मन्त्री र कानुनले मात्र चल्दैन–राष्ट्र उपयुक्त अध्यात्मवादी सु–संस्कृत कर्म र संस्कार, प्रेरणा–प्रभावले चलिरहे–यो समग्र मानवले नै बुझ्नुपर्नेर जान्नुपर्नेमुख्य विषयहरू विषयहरू हुन्।

राष्ट्रको आधारशील राजनीति होइन अध्यात्म हो, हरेक नागिरक ईश्वरको अंश हो, उसको आस्था र विश्वास ईश्वरप्रति अखण्ड रूपमा रहेको छ, त्याक करोडौं आस्थाहरूको आधार ईश्वरीय शक्ति वा अध्यात्म हो।

हरेक राष्ट्रमा महानपुरूषका इतिहास, साधु सन्तहरूका महिता र मार्गदर्शन, कुशल नेतृत्वहरूका संस्मरण, सामुहिक पर्वहरू, राष्ट्रिय पर्वहरू, सामाजिक पर्वहरू–झोपड़ीदेखि संसदसम्म अखण्ड रूपमा चलि आएको छ–यो हो अध्यात्मको योगदान। देशको संविधान–राष्ट्रनिर्माणको आधार हो भने ती दुवैको आधार अध्यात्म हो जो संविधानको निष्पक्षता र राष्ट्रहितको चेतना छुपेको छ। विश्वको कुनै पनि राष्ट्रमा राजनीतिले हलचल मच्चाउँछ, उन्नति र पतनको फल भोग्छ तर राष्ट्र संवैधानिक आधारमा खड़ा रहन्छ र निष्पक्ष इन्साफ दिन तत्पर रहन्छ–यो हो अध्यात्मको योगदान। संविधान र कानूनको सामर्थ्य, अदृश्य क्षमता र दृष्टिगत क्षमतामा अध्यात्मशक्ति 'रस' को रूपमा विद्यमान छ।

अध्यात्मवाद, अध्यात्ममार्ग–मध्यममार्ग हो जसले विनाशलाई रोक्ने क्षमता राख्छ, पपीतहरूलाई प्रगति मार्गमा माथि उठाउँछ। अत्याचारीहरूलाई दमन गर्दछ र शोषित–दलितहरूलाई इन्साफ दिन सक्षम हुन्छ। यो माध्यम मार्गमा जनसमाज हिंड्न प्रयास गरे भने राष्ट्र र राष्ट्रवासीहरूको समुद्धिशाली हुनेछन् औ राष्ट्रको गौरव बड्छ। यसको लागि राष्ट्रवासीहरूको सरकारात्मक चिन्तन मनन, कर्म व्यवहार, बोलचाल, पहिरण, संस्कारमा वास्तविकताको आभास र हदयमा सुपरिवर्तन आउनु जरूरी छ। नागरिक ईमान्दार भए समाज, देश, राष्ट्र ईमान्दार बन्न सक्छ। यसको लागि सामुहिक प्रयास र प्रतिवद्धताहरू निश्वार्थ मनहरू चाहिन्छ।

## स्वं इन्द्रजंग राना

भाषा प्रेमी इंद्रजंग रानालाई सलाम छ, प्रणाम छ
जीवन अर्पित जातिप्रेमीलाई सलाम छ, प्रणाम छ
श्री गम्भीर सिंह राईले देखाएको बाटो
हिडेका थिए इंद्रजंग राना भएर बाठो
भाषा ज्योति प्रज्जवलित मुटुमा उनको
समाचार पत्रिकालाई दिए उनले जीवन माटो
गोर्खालीहरू छरिएको समयमा पत्रिकालाई

संपादक भई बनाए समाज हितैषी पत्रिकालाई
त्यौ अनौठो बेमिसाल सेवाकाल इंद्रको
गोर्खाली सुधार सभाले पाए सिहार सभाले इंद्रको
कहिले पनि भुन्ने छेनौ प्रिति त्यसतो इंद्रको
सद्गुणी उनी, सतकर्मी उनी आभारी छौं इंद्रको
ज्ञानवान, कर्मवीर इंद्रजंग रानालाई सलाम छ, प्रणाम छ
शान्तमूर्ति, अपूर्व सेवी इंद्रजंग रानालाई सलाम छ, प्रणाम छ।



# हाम्रो अगुवा प्रति

गोर्खाली सुधार सभाका कार्य क्षेत्रमा दिनहो विस्तार भएकोले साथै स्थानीय नेपाली जनसमुदायमा समाजसेवा गर्ने पर्छ भन्ने को उदय भएकोले सभाका सदस्यताका संख्यामा पनि उत्तरोत्तर वृद्धि भइरहे को छ। यसै अवसर लाई ध्यानमा राखी समाचार पत्रका माध्यम द्वारा सदस्यहरू सित र अन्य नेपाली भाषा– भाषी हरू सित सम्पर्क राखने उद्‌देश्यले र सभाको मुख पत्रिकाको रूपमा सभाले कामकाज को प्रचार गर्नका लागी हाम्रो "समाचार पत्रको" जन्म भएको सवा वर्ष पूरा भयो । यस समाचार पत्र लाई जन्माउनु पोस्याउनु र यसका हात – गोडाहरू दहीनी तुल्याउनुमा मेजर बी0 डी0 राई, सम्पादक र उहाँका सम्पादक मण्डलीले जसरी अनेक विध्नबाधा हरू सित साहसपूर्वक जूझनू पायो त्यसको बखान गरेर साध्य छैन । देहरादून जस्तो जग्गामा जहाँ हाम्रै मातृभाषा प्रति हाम्रो लाई उचित प्रेम छैन, यस्तो नेपाली भाषामा समाचार पत्रको सम्पादन गर्नुले भनो भने काम न पाएर भैसीको पाडाको कान कनयाउनु जस्तै हो तर पनि मेजर बी0 डी0 राईले हरेस न खाई एक वर्ष सम्म यो समाचार पत्रको सम्पादन गरी अगवाको रूपमा हामि लाई बाटो देखाउनु भएकोमा हामि र हाम्रो पाठकहरू मेजर बी0डी0 राई एंव उनैका सहयोगी अन्य सम्पादक मण्डली प्रति आभार जनाउदै छौ । उहाँहरू बाट भविष्यमा उचित प्रेरणा र मार्ग दर्शन निरंतर पाउने छौ। भन्ने हाम्रो अटूट विश्वाश छ।

कुन बाटो लागने ? जोखना हेरौं कि ?

धूलो उडने गाऊँको गोरेंटो पहिल्याउँदा अन्तमा फाटीलो साफ सुथरा शहरीया कम्पनी सड़कमा आइपुगिन्छ पोहोर साल भएको 33औं वार्षिक सम्मेलनको आयोजन, सदस्यहरूको संख्या उनीहरूको उपस्थिति र आचार विचार यो सभाको लेखा जोखा केलाई हेर्दा लगातार न बिसाई 33 वर्ष सम्म गाऊँको गोरेंटोमाथि हिड़ेर हामी बल्ल कम्पनी सडकमा आईपुगेछौं भने जस्तो लाग्यो। फेरि यस बर्ष बिशाल सभा भवन भित्र आयोजित 34 औं वार्षिक सम्मेलनको निरूपणा गर्दा हामि यस घडि कम्पनी सडकैमा निकै टाढा सम्म हिंडी शडक छेऊको कुनै चौबाटोमा पुगी सुस्केरा मारी बिसाएका छौं जस्तो लाग्यो। यस चौबाटोमा एक छिन बिसाई, विवके बुद्धिको अछेता केलाई आँखा चिम्लिएर आज हामिले जोखाना हेरी निर्णय गर्नु परेको छ, यी चारै तिर लागेका अनेक बाटाहरू मद्धै कुन बाटो, सामाजिक सद्धाव र संगठन को बाटो पहिल्याउने । भेष–भाषाको बाटो, पुख्र्योली रीति स्थितिको बाटो, सामाजिक सद्धाव र संगठनको बाटो र नागरिक अधिकार को बाटो–कुन बाटो पहिल्याएर हामीले हाम्रो सभाको उदेश्यलाई प्राप्त गर्न सकने छौ, यों चिन्तनीय विषय हो। हुनता यी बाटाहरू पहिल्याउँदा एउटै गन्तव्य स्थानमा पुगने भएको भएता पनि हामीले हेरी विचारी पाईलो सारेनौ भने गोड़ामा ठेस लागने वा खाल्टोमा जाखिएर एँड़ी मरकाउने डर हुने छ। अध्यक्ष महोदय र माथो सिंह कठैतले भन्नु भएको अनुसार गढ़ी डाकरा क्षेत्रमा गोर्खालीहरूको बहुमत हुंदा, केन्टोनमेन्ट बोर्ड जस्तो नागरिक संस्थामा हामीले आफ्नो प्रतिनिधि पठाउने चेष्ठा गर्नाले सभाका उदेश्यहरूको उल्लगन हुँदैन। तर संगठनको अभावमा यो बाटो पहिल्याउँदा पछिल्लो बोर्डको निर्वाचनमा हामी सभा एक तना सदस्याले सफल हुन न सकेको कुरा हामीले बिर्सनु सक्तनै। यसौ भएता पनि यदि हाम्रा झुइँफुट्टे धामी, सात खोले बिजुवा अथवा मारमुड़गे झांकीहरूले जोखना हेरी, भविष्यमा नागरिकको बाटो पहिल्याई कुनै पनि बोर्ड वा परिषद्‌मा हामीले पनि हाम्रो प्रतिनिधि पठाउनु पर्छ भन्ने निर्णाय गरे भने, बिलस संगठन र आफन्तहरूका सदभावना बिना यस विषय सफलता प्राप्त गर्न सकिने छैन भन्ने अध्यक्ष महोदय करोल राशि शमशेरज्यूको अटूट धारणा हामीले कदाचित बिर्सनु हुन्न।

# प्रतिभावान विद्यार्थी



ईप्शिता कँवर पुत्री श्री विशाल कँवर, 5/11 कालिदास रोड़, दे.दून, 95.7% अंक प्राप्त गरनु भयो। वहाँको उज्जव भविष्यको कामना छ। स्कूल : ग्रेस अकेडमी, केन्ट रोड़, दे.दून।



कमांडिंग ऑफिसर कर्नल पी पत्री, वी एस एम, 4/5 जीआर (एफ एफ) द्वारा इंडियन आर्मी स्वर्णिम विजय वर्ष पेंटिंग कम्पिटिशन सर्टिफिकेट कैप्टन वाई बी थापाज्यूलाई प्रदान।



गोर्खाली सुधार सभाको गढ़ी डाकरा शाखाको मासिक बैठक




**नेहरूग्राम गोर्खा विकास संस्था द्वारा स्थापित वीर स्वतंत्रता सेनानी खड़क बहादुर चौक नेहरू ग्राम देहरादून, उत्तराखण्ड**




**शहीद मेजर दुर्गामल्ल चौक, डोईवाला**